११९८ | 1630

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १/२०७१/०७२

निर्णय नं. ७३०

काभ्रेपलाञ्चोक जिल्ला क्षेत्र नं. १ पोखरीनारायणस्थान गा.वि.स.वडा नं ४ तिनपिप्ले बजार घरभई हाल का.जि.का.म.न.पा.वडा नं. १५ डल्लु आवास बस्ने पराङ तामाङ्गको नाति प्रेम ध्वज लामाको छोरा वर्ष ५३ को चन्द्र ध्वज तामाङ्ग ......................................................................................१ पुनरावेदक

विरूद्ध

प्र.नि. जीवन श्रेष्ठको प्रतिवेदन जाहेरीले नेपाल सरकार वादी मुद्दामा महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाण्डौं ..........................................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

काभ्रेपलाञ्चोक जिल्ला क्षेत्र नं. १ पोखरीनारायणस्थान गा.वि.स.वडा नं ४ तिनपिप्ले बजार घरभई हाल का.जि.का.म.न.पा.वडा नं. १५ डल्लु आवास बस्ने पराङ तामाङ्गको नाति प्रेम ध्वज लामाको छोरा वर्ष ५३ को चन्द्र ध्वज तामाङ्गले प्र.नि. जीवन श्रेष्ठको प्रतिवेदन जाहेरीले नेपाल सरकार वादी मुद्दामा महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाण्डौसमक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०४।०२ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगबाट मिति २०७२।०२।२१ को पत्रबाट प्र.नि. जीवन श्रेष्ठको प्रतिवेदन जाहेरीले नेपाल सरकार वादी मुद्दामा महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाण्डौलाई सूचना उपलब्ध नगराउनुको कारण खुलाई जवाफ पठाउनु भन्ने पत्राचार भएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा केही पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वयंले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| (यशोदादेवी तिम्सिना)<br>सूचना आयुक्त | (किरणकुमार पोखरेल)<br>सूचना आयुक्त | (कृष्णहरि बाँस्कोटा)<br>प्रमुख सूचना आयुक्त |
|---|---|---|

ईति सम्बवत् २०७२ चैत्र ११ गते रोज ५ शुभम्